लहान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
लहान, सिरहा
मधेश प्रदेश, नेपाल

## विज्ञापन कर र सेवा शुल्क संकलन ठेक्का सम्वन्धी शिलबन्दी टेण्डर आमन्त्रण सूचना ।

(प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०२/०८ गते)

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ बमोजिमको यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने देहाय वमोजिमको विज्ञापन कर र सेवा शुल्क संकलन गर्न/गराउन आर्थिक वर्ष २०८१/०८२ (एक) वर्ष अर्थात मिति २०८१ साल श्रावण १ देखि ०८२ साल आषाढ मसान्त) सम्मकालागि एकमुष्ठ गनीमहसुल/किस्तावन्दीमा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुवाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको शिलवन्दी टेण्डर आमन्त्रण गरिन्छ ।

तपसिल :-

| सि. नं. | ठेक्काको विवरण | ठेक्का अवधि | न्यूनतम ठेक अंक रकम रु. (मू.अ.कर, आयकर र दुर्गापुजा चन्दा वाहेक) | ठेक्काको किसिम | टेण्डर फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|
| ०१. | गुदरीहाट बजार सेवा शुल्क ठेक्का (वडा नं. १ देखि १० सम्मका हाटवजार) । | २०८१/०८२ | ३८,०५,०००।- | किस्तावन्दी | ३,०००।- |
| ०२. | नदी नियन्त्रण तथा सडक मर्मत संभार सेवा शुल्क ठेक्का । | ,, | ८३,५५,५५५।- | किस्तावन्दी | ३,०००।- |
| ०३. | खसीबाखा हाटवजार सेवा शुल्क ठेक्का, लहान-५ । | ,, | ३६,००,०००।- | किस्तावन्दी | ३,०००।- |
| ०४. | गुदरी हाटबजार सेवा शुल्क ठेक्का, (वडा नं. २३, गाढा चौक हाटवजार) । | ,, | ४५,५००।- | एकमुष्ठ गनीमहसुल | १,०००।- |
| ०५. | गुदरी हाटबजार सेवा शुल्क ठेक्का (वडा नं. १२, भोटिया टोल हाटवजार) । | ,, | १,२६,०००।- | एकमुष्ठ गनीमहसुल | १,०००।- |
| ०६. | विज्ञापन कर ठेक्का (न.पा.क्षेत्र) । | ,, | १४,८०,०००।- | किस्तावन्दी | १,०००।- |

**शर्तहरु :**

०१. टेण्डर फाराम खरिद गर्न ईच्छुक व्यक्तिले लिखित निवेदन पत्र साथ आफ्नो नागरिकता प्रमाण पत्रको प्रतिलिपी तथा फर्म वा कम्पनीले फर्मको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्रसाथ आ.व. २०८०/०८१ कालागि नविकरण भएको इजाजतपत्र, मुल्य अभिवृद्धि कर स्थायी लेखा नम्वर (पान) दर्ता प्रमाण पत्र र आ.व. २०७९/०८० को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ३० (औं) दिन अर्थात् मिति २०८१/०३/०५ गतेसम्म कार्यालय समयभित्र टेण्डर फाराम दस्तुर माथि उल्लेख भए वमोजिम (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको आन्तरिक राजश्व उपशाखाबाट खरिद गर्न सकिनेछ ।

०२. खरिद गरिएको टेण्डर फाराममा उल्लेख भएका सवै विवरणहरु प्रष्ट सँग अध्ययन गरी सम्वन्धित पक्षले प्रत्येक पानामा सहीछाप गरी शिलवन्दी गरी खाम वाहिर ठेक्काको नाउँ र ठेगानाका साथै टेण्डरदाताको नाम र ठेगाना प्रष्ट सँग उल्लेख गरी ३१ (औं) दिन अर्थात् २०८१/०३/०६ गते दिनको १२:०० वजेसम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । यसरी दर्ता भएका टेण्डरहरु सोही दिन दिनको २:०० वजे पछि नगरकार्यपालिकाको कार्यालय, लहानमा टेण्डरदाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा खोलिनेछ । उक्त समयमा टेण्डरदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा समेत रितपूर्वकको टेण्डर खोलिने कार्यमा वाधा पर्नेछैन ।

०३. टेण्डर फारम खरिद/दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात् कार्यालय खुलेको दिन सोही समयमा बिक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ।

०४. टेण्डर फारम भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख गर्नुपर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ।

०५. शिलवन्दी टेण्डर फारम साथ आफुले कवोल गरेको अंक रकमको ५% ले हुने धरौटी रकम नेपाल बैंक लि., लहान स्थित रहेको यस कार्यालयको च.हि.नं. ०३६०३०००००३००००००००१ धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम वरावरको यस कार्यालयका नाउँमा मान्यता प्राप्त वाणिज्य बैंकवाट जारी गरिएको बोलकवोल जमानी पत्र (कम्तीमा ७५/१२० दिन म्याद भएका) सक्कल प्रति संलग्न राख्नुपर्नेछ। धरौटी रकम टेण्डर फारम साथ नगद खामी आएमा कार्यालय जिमेवार हुनेछैन, साथै त्यस्तो टेण्डर फारमहरु अमान्य हुनेछ।

०६. सि.नं. २ र ६ मा ठेक्का अतिरित्त न.पा. द्वारा संचालित दुर्गापुजा चन्दा १.५%, आयकर १.५% र मू.अ.कर १३% समेत ठेक्का स्वीकृत भए पश्चात ठेक्का अंकमा जोडी कायम भएको रकम किस्ता बन्दीगरी ३ किस्तामा बुझाउने पर्नेछ। पहिलो किस्ता चलन पट्टा लिनु अगावै बाँकी दुई किस्ताको हकमा मान्याता प्राप्त वाणिज्य बैंकवाट बैंक जमानी पत्र बुझाएमा मात्र ठेक्का सम्झौता गर्नेछ

०७. सि.नं. १ र ३ मा ठेक्का अंकको अतिरित्त न.पा. द्वारा संचालित दुर्गापुजा चन्दा १.५% र आयकर १.५% समेत ठेक्का अंकमा जोडी कायम भएको रकम किस्ता बन्दी ३ किस्तामा बुझाउने पर्नेछ। पहिलो किस्ता चलन पट्टा लिनु अगावै बाँकी दुई किस्ताको हकमा मान्याता प्राप्त वाणिज्य बैंकवाट बैंक जमानी पत्र बुझाएमा मात्र ठेक्का सम्झौता गर्नेछ।

०८. सि.नं. ४ र ५ मा ठेक्का अंकको अतिरित्त न.पा. द्वारा संचालित दुर्गापुजा चन्दा १.५% र आयकर १.५% समेत ठेक्का अंकमा जोडी एकमुष्ठ गनी महसुलमा ठेक्का रकम बुझाउने पर्नेछ।

०९. काबु वाहिरको परिस्थितिको कारण ठेक्काको अवधि कम भएमा स्वीकृत ठेक्का अंकलाई आधार मानी कम हुने अवधिको दामाशाहीले कम हुन आउने अंकलाई ठेक अंक मानिनेछ।

१०. शिलवन्दी टेण्डर फारम पेश गर्दा कुनै किसिमको शर्त मान्य हुनेछैन। साथै रित नपुगी वा म्याद नाघी आएको टेण्डर उपर कुनै कार्यवाही हुनेछैन।

११. प्राप्त टेण्डरहरु कुनै पनि कारण जनाई वा निजलाई सम्पूर्ण वा अंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

..................................
प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत